नेपाल सरकार

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

## प्रेश विज्ञप्ती

## बन्धक नेपालीहरुको उद्धार, स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन

मिति २०८१।०४।११

सडक निर्माणमा काम लगाउने र आकर्षक पारिश्रमिक दिने आश्वाशन सहित भारतको कस्मिरमा पुऱ्याईएका र बिना ज्याला जोखिमयुक्त तरिकाले द्वन्दग्रस्त क्षेत्रमा जवरजस्ती काममा लगाई बन्धक बनाईराखेका धनुषा जिल्लाका ७ जना र सिराहा जिल्लाका २१ जना गरी (२४ देखि ६० बर्ष सम्मका) जम्मा २८ जना पुरुषहरुका सम्बन्धमा भारतीय गैर सरकारी संस्था किन ईन्डिया मार्फत जानकारी हुन आएको। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको अग्रसरता र नेतृत्वमा एवं भारत स्थित नेपाली राजदुतावाससंगको समन्वय तथा किन ईन्डियाको प्राविधिक सहयोग र सहकार्यमा उक्त पीडित/प्रभावितहरुलाई उद्धार गरी जनकपुर, धनुषा ल्याईएको छ। मानव बेचबिखनबाट पीडित र प्रभावितहरुको उद्धार र संरक्षण कार्य मन्त्रालयको सदैव उच्च प्राथमिकतामा रहेको छ। यो घटनाको सम्वेदनशीलतालाई मध्यनजर गरी धनुषामा ल्याईएका २८ जना पुरुषहरुलाई माननीय महिला, बालवालिका तथा ज्येष्ठ नागरिक मन्त्री नवल किशोर साह सुडीज्यू, श्रीमान् सचिव दिनेश भट्टराईज्यू र सहसचिव श्री आभा श्रेष्ठ कर्णज्यूको समुपस्थितिमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, जिल्ला समिति मार्फत निजहरुको परिवारसंग पुनर्मिलन गराईएको छ। यस उद्धार कार्यमा लागेको यथार्थ खर्च मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि स्थापित पुनर्स्थापना कोषबाट ब्यहोरिने छ। यस उद्धार, स्वदेश फिर्ती र पारिवारिक पुनर्मिलन कार्यमा प्रत्यक्ष र परोक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा हार्दिक आभार सहित धन्यबाद प्रकट गर्दछौं।

मानव बेचबिखन अत्यन्त सम्बेदनशील विषय रहेको र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली, २०६५ बमोजिम यस्तो घटनाबाट पीडित/प्रभावितहरुको सहमतिमा मात्र पहिचान खुलाउन सकिने ब्यवस्था भए बमोजिम निजहरुको पहिचान गोप्य राखिएको छ। विषयवस्तुको यो सम्वेदनशीलतालाई सरोकारवाला सबैले उचित सम्मान गर्न मन्त्रालय आग्रह गर्दछ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं